# गैरआवासीय नेपाली संघ
# अध्यक्षको मासिक प्रतिवेदन, जुलाई २०२३

'नेपालीका लागि नेपाली' भन्ने मुलमन्त्रलाई थप बलियो बनाई गैरआवासीय नेपाली संघको अभियानलाई प्रभावकारी बनाउने अभियान जारी छ। यसै शिलशिलामा गैरआवासीय नेपालीले सन् २००३ देखि उठाउँदै आएको 'गैरआवासीय नेपाली नागरिकता' को माग सम्बोधन भइकन हाल नियमावली र कार्यविधि निर्माणको चरणमा छ। उक्त कार्यमा गैरआवासीय नेपाली संघको तर्फबाट समेत सरकारसँग निरन्तर छलफल गरी सुझाव प्रदान गरिएको छ। संघले नेपाल र नेपालीलाई समृद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यसै शिलशिलामा जुलाई महिनामा महत्वपूर्ण गतिविधि सम्पन्न भएका छन्। उक्त गतिविधिको सारांश यहाँहरु समक्ष प्रस्तुत गर्दछौं।

- ३ जुलाई २०२३ मा संघका अध्यक्ष कुल आचार्य सहितको एक प्रतिनिधिमण्डलले गृह मन्त्रालयमा माननीय उपप्रधान तथा गृह मन्त्री नारायणकाजी श्रेष्ठसँग भेट गरि गैरआवासीय नेपाली नागरिकताको निर्देशिकाको लागि आफ्ना सुझावहरु प्रस्तुत गर्यो। सोही दिन उक्त प्रतिनिधिमण्डलले विभिन्न सरोकारवालाहरुसँग पनि भेटेर निर्देशिकामा समेट्नुपर्ने विषयवस्तु लगायतका सम्बन्धमा आफ्ना सुझावहरु पेश गरेको थियो।

- ६ जुलाई २०२३ का दिन संघका अध्यक्ष कुल आचार्यसहितको एक प्रतिनिधिमण्डलले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेट गरि गैरआवासीय नेपाली नागरिकताको निर्देशिका यथाशक्य छिटो बनाउन पहल गरिदिन आग्रह गर्यो। उक्त भेटमा विशेषत: नागरिकता ऐनको निर्देशिका र कार्यविधि यथाशक्य छिटो निर्माण गरि गैरआवासीय नेपाली नागरिकताको प्रावधान कार्यन्वयनका लागि अध्यक्ष कुल आचार्यले प्रधानमन्त्रीको दाहालको ध्यानाकर्षण गराउनुभएको थियो। सो अवसरमा प्रधानमन्त्री दाहालले अन्तिम चरणमा रहेको निर्देशिका र कार्यविधि निर्माण छिट्टै सम्पन्न हुने विश्वास दिलाउनुभयो।

- ७ जुलाई २०२३ का दिन संघका अध्यक्ष कुल आचार्य सहितको एक प्रतिनिधिमण्डलको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा आयोजना गरिएको औद्योगिक लगानी प्रबर्द्धन सम्बन्धी अन्तरक्रियामा सहभागीता जनायो। कार्यक्रममा विशिष्ट अतिथिका रुपमा सहभागि अध्यक्ष कुल आचार्यले विगतको तुलनामा सरकारले लगानीका लागि धेरै बाटो खोलेपनि प्रक्रियागत झन्झटका कारण लगानीमैत्री वातावरण बन्न नसकिरहेको जिकिर गर्नुभयो।

- ७ जुलाई २०२३ का दिन गैरआवासीय नेपाली संघका अध्यक्ष कुल आचार्य राष्ट्रिय स्वतन्त्र पार्टीद्वारा आयोजित गैरआवासीय तथा प्रवासी नेपाली र ऐन कानून विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी हुनुभयो।

सो क्रममा नागरिकता ऐन प्रमाणिकरण भइसकेको अवस्थामा जारी नियमावली र कार्यविधि निर्माणमा क्रममा संघको तर्फबाट सरकार र राजनीतिक दलहरुलाई विभिन्न सुझावहरु पेश गरिएको जानकारी गराउनुभयो । यस्तै गैरआवासीय नेपालीहरुलाई नेपालमा सहजै लगानीको वातावरण निर्माण गर्नुपर्ने र मुख्य राजनीतिक दलले त्यसका लागि पहलकदमी लिनुपर्ने अध्यक्ष आचार्यले उल्लेख गर्नुभयो ।

- ९ जुलाई २०२३ मा गैरआवासीय नेपाली संघ अन्तर्गतको व्यवसायिक शिक्षा कमिटीले सञ्चालन गरेको नेपालमा दक्ष जनशक्ति उत्पादनका लागि विभिन्न सीपमुलुक कार्यक्रम अध्यक्ष कुल आचार्यले अन्तर्राष्ट्रिय श्रम बजारमा बढ्दो दक्ष जनशक्तिको माग सम्बोधन गर्न र नेपालबाट जाने कामका लागि विभिन्न देशमा जाने नेपालीले सीपको अभावमै दुख पाउनुपर्ने अवस्था अन्त्यका लागि पनि कमिटीले सुरु गर्न लागेको कार्यक्रम उपयोगी र महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

- ९ जुलाई २०२३ मा गैरआवासीय नेपाली संघको ९० औँ आइसीसी बैठक सम्पन्न भयो । आइसीसी तथा एनसीसी महाधिवेशन लगायत सरोकारका विषयमा छलफल गरि निर्णय गरियो ।

- २३ जुलाई २०२३ मा गैरआवासीय नेपाली संघको महिला विभाग अन्तर्गतको महिला स्वास्थ्य तथा शिक्षा कार्यदलले आयोजना गरेको क्षेत्रीय “स्वास्थ्य सचेतना र परामर्श कार्यक्रम”मा अध्यक्ष रबिना थापा सहभागी हुनुभयो । अध्यक्ष थापाले विश्वका विभिन्न देशमा रहेका नेपालीदेखि नेपालको ग्रामिण भेगसम्म पनि सचेतनामुलक कार्यक्रम अति नै प्रभावकारी रुपमा अघि बढाउन सक्नुपर्नेमा जोड दिनुभयो । विदेशमा सिकेको ज्ञान सीप र प्रविधिलाई नेपालको स्वास्थ्य क्षेत्रमा प्रयोग गर्न सकिने भन्दै थापाले एनआरएनएले त्यसमा पहलकदमी लिन सकिने बताउनुभयो ।

- १ जुलाई देखि ३१ जुलाई सम्म राष्ट्रिय महाधिवेशन तथा निर्वाचन सम्पन्न भएका राष्ट्रिय समन्वय परिषद्हरुका नवनिर्वाचित पदाधिकारीलाई कार्यकारी अध्यक्ष बद्री केसी सहित अध्यक्षद्वय कुल आचार्य र रबिना थापाले संयुक्त रुपमा बधाई ज्ञापन गर्नुभयो ।